# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडावाज, दैलेख, कर्णाली प्रदेश, नेपाल
(सूचना प्रविधि शाखा)

पत्र संख्याः-२०७७/०७८
चलानी नं.- ३४८

मितिः-२०७७/०८/२१

**विषयः सम्पर्क राख्न पठाइदिने सम्बन्धमा।**

**श्री १ देखि ६ सम्मका वडाकार्यालयहरू**
**महाबु गाउँपालिका, गैडावाज, दैलेख।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय दैलेखको च.नं.१७५८ मिति २०७७।०८।१९ गतेको प्राप्त पत्र यसै साथ संलग्न राखि पठाइएको छ। उक्त पत्रको व्यहोरा अनुसार द्धन्दकालीन समयमा घाइते/अपाङ्गता भएका व्यक्ति हरू तहाँ वडामा भए पहिचानको लागि तहाँ वडाकार्यालयको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयमा सम्पर्क राख्न पठाइदिन हुन जानकारी गराइन्छ।

............................
भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत


इमेलः info@mahabumun.gov.np, ito.mahaburmun@gmail.com, बेवसाईटःwww.mahabumun.gov.np मोवाइल नं.९८००५९४४३०

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## दैलेख

पत्र संख्या:-२०७७/०७८
च.नं.:- १६६८

मिति:- २०७७/०८/१९

विषय:- सम्पर्क राख्न पठाइदिने सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
दैलेख।

उपर्युक्त सम्बन्धमा सशस्त्र द्वन्द्वका क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ को दफा ३ बमोजिम गत आव.मा प्रकाशन गरिएको सूचना बमोजिम यस कार्यालयमा आवेदन गर्ने घाइते/अपाङ्गता भएका व्यक्तिहरुले पेश गरेका निवेदन र कागजातहरु संकलन गरी पठाइएकोमा निजहरुको अपाङ्गता प्रतिशत निर्धारण/पुनरावलोकन भई सोही प्रतिशतका आधारमा निजहरुलाई जीवन निर्वाह भत्ता उपलब्ध गराउने कार्य भइरहेको छ। गृह मन्त्रालयको च.नं. ८५, मिति २०७७/८/१६ गतेको पत्रबाट द्वन्द्वकालीन समयमा घाइते/अपाङ्गता भएको, यद्यपी कार्यदलमा नाम समावेश हुन नसकेका वास्तविक रुपमा तत्कालिन सशस्त्र द्वन्द्व र जनआन्दोलनको क्रममा घाइते/अपाङ्गता व्यक्तिहरुलाई मिति २०७७/०८/१२ को नेपाल सरकार (मा. मन्त्रीस्तरीय) निर्णयानुसार पहिचान गरी निजहरुको विवरण संकलन गरी पठाउने सम्बन्धमा लेखी आएको हुँदा त्यस्ता घाइते/अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस, नेपाली नागरिकताको प्रमाणपत्र र उक्त समयमा घाइते/अपाङ्गता भएको पहिचान हुने अन्य कागजातका साथ यस कार्यालयमा सम्पर्क राख्न पठाईदिनु हुन अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी
..............................
हरि प्रसाद देवकोटा
निमित्त प्रमुख जिल्ला अधिकारी

बोधार्थ :-
श्री गृह मन्त्रालय,
राहत तथा तथ्यांक व्यवस्थापन शाखा, सिंहदरवार, काठमाडौं